# पटेर्वा सुगौली गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

पटेर्वा सुगौली, पर्सा
मधेश प्रदेश, नेपाल

## सडक मर्मत सम्भार कामदार/समूह आवश्यकता सम्बन्धी सार्वजनिक सूचना

(सूचना प्रकाशन मिति:२०८२/०५/२२ गते)

पूर्वाधार विकास कार्यालय, वीरगंज, पर्साले धोरे-पोखरिया-प्रसौनी-निचुटा-फरहदवा सडक तथा मधेश सहिद मार्ग (चोर्नी-सोलखपुर-बसन्तपुर सडक) सडकको नियमित मर्मत सम्भार कार्यको लागि सडक मर्मतसम्भार समूह (RMG) गठन गर्ने उद्देश्य राखेको छ। सडक मर्मतसम्भार समूह गठन गर्न निम्न संख्यामा मर्मतसम्भार कामदारहरू आवश्यक भएको छ।

| सडकको सुरुको स्थान | सडकको अन्तिम स्थान | लम्बाई | कामदारको संख्या | कैफियत |
|---|---|---|---|---|
| धोरे | फरहदवा | | १ (एक) | |
| चोर्नी | बसन्तपुर | | २(दुई) | |

सडक मर्मत समूहका सदस्यहरूले आधारभूत सफाई र सरसफाई कार्यहरू साथै सानातिना मर्मत कार्यहरू गर्दै सडकलाई राम्रो अवस्थामा राख्न मिलेर कार्य गर्नुपर्नेछ। कार्य पूर्णकालीन (Full-time) हुनेछ र एक वर्षको अवधिको लागि हुनेछ। यदि सडक राम्रो अवस्थामा छ भने सडक मर्मतसम्भार समूह(RMG) लाई सम्पूर्ण सडकको लागि निश्चित मासिक रकम भुक्तानी गरिनेछ। यदि सडकका केही भागहरू राम्रो अवस्थामा छैनन् भने मासिक भुक्तानीमा कटौती लागू गरिनेछ।

पूर्वाधार विकास कार्यालय, वीरगंज, पर्सा मार्फत कार्यान्वयन हुन लागेको प्रादेशिक तथा स्थानीय सडक सुधार कार्यक्रम (PLRIP) अन्तर्गत यस धोरे-पोखरिया-प्रसौनी-निचुटा-फरहदवा सडक तथा मधेश सहिद मार्ग (चोर्नी-सोलखपुर-बसन्तपुर सडक सडकको नियमित मर्मत सम्भार कार्यको लागि यस आ.ब. २०८२/०८३ को लागि ३ (तीन) जना सडक मर्मत सम्भार कामदार (लेन्थवर्कर) छनौटको लागि यस पटेर्वा सुगौली गाउँपालिका लाई लेखि आएको हुनाले तल उल्लेखित योग्यता पुगेका स्थानीय वर्ग बाट दरखास्त आव्हान गरिन्छ। इच्छुक व्यक्तिहरुले यस पटेर्वा सुगौली गाउँपालिका कार्यपालिकाको कार्यालयमा नागरिकताको सक्कल प्रति लिई आफै उपस्थिति भइ आफ्नो दरखास्त विवरण दर्ता गराउनुहुन अनुरोध गरिन्छ। समयावधि सकिए पछि आएको दरखास्त दर्ता हुने छैन ।

**दरखास्त दर्ता हुनको लागि आवश्यक मापदण्ड:**

Mehta
२०८२/०५/२२

**प्राण मेहता**
**प्रमुख प्रशासकीय अधिकृत**

पटेर्वा सुगौली गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
पटेर्वा सुगौली, पर्सा
मधेश प्रदेश, नेपाल

## १. प्राविधिक मापदण्ड

- मर्मत सम्भार कामदारको उमेर कम्तिमा १८ वर्ष पूरा भई ६० वर्ष ननाघेको हुनुपर्नेछ ।
- मर्मत सम्भार कामदार शारीरिक र मानसिक रूपमा स्वस्थ्य हुनुपर्नेछ र सडक मर्मत सम्भार कार्य गर्न सक्ने हुनुपर्नेछ।
- मर्मत सम्भार कामदार मर्मत सम्भार हुने सडक नजिकको बासिन्दा हुनुपर्नेछ।

## २. सामाजिक मापदण्ड

- मर्मत सम्भार कामदार बेरोजगार हुनुपर्नेछ अथवा आफ्नो समयको २५ प्रतिशत भन्दा घटी रोजगारीमा संलग्न भएको हुनुपर्नेछ।
- मर्मत सम्भार कामदार नगरपालिका/गाउँपालिकाको सबैभन्दा गरिब व्यक्तिहरूबाट हुनुपर्नेछ।
- महिला उम्मेदबारलाई प्राथमिकता दिइनेछ र महिला सहभागितालाई प्रवर्धन गरिनेछ। छनौट गरिएका मर्मत सम्भार कामदारहरू कम्तिमा ५०% महिला हुनुपर्नेछ। सुम्भव भएसम्म सबै छनोट गरिएका मर्मत सम्भार कामदारहरू महिला हुनुपर्नेछ।
- मर्मत सम्भार कामदार कम्तिमा ४० प्रतिशत दलित, जनजाति, बिपन्न वा पिछडिएका वर्गबाट हुनुपर्नेछ।

## दरखास्त दिने अन्तिम मिति, समय र स्थान

- आवेदनको अन्तिम मिति : २०८२ भदौं २९ गते आईतवार
- समय-: कार्यालय समय भित्र
- सम्पर्क स्थान : पटेर्वा सुगौली गाउँपालिकाको कार्यालय, पटेर्वा सुगौली, पर्सा ।

**पारिश्रमिक भुक्तानी :** श्री पूर्वाधार विकास कार्यालय, वीरगंज, पर्साबाट नियामानुसार मासिक पारिश्रमिक भुक्तानी हुनेछ ।

**नोट** : कार्यालयले आवश्यक ठानेमा RMG guidelines अनुसार संशोधन हुन सक्नेछ ।

२०८२/०५/२२

प्राण मेहता
प्रमुख प्रशासकीय अधिकृत